प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,**
**प्रदेश नं.१ पाँचथर**
(कार्यक्षेत्र : पाँचथर र ताप्लेजुङ्ग)

फोन/इमेल/वेवसाइट
०२४-५२०१२७/०२४-५२०४६९
vhlspanchthar@gmail.com
web-vhlecpanchthar.p1.gov.np

# प्रस्ताव आव्हान सम्बन्धि सूचना

**सूचना नं.१-२०७८/०७९**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०५/०१*
*प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०७८/०५/३० गतेसम्म*

यस बिज्ञ केन्द्रको आ.व.०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार पाँचथर जिल्लामा देहाय बमोजिमको कार्यक्रमहरु कार्यान्वयनको लागि कृषि व्यवसाय प्रबर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७) ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी आएको वा म्याद नाघि आएको प्रस्तावहरु छनौटको लागि समावेश हुन नसक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।
थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरको फोन नं.०२४-५२०१२७ वा मोवाइल नं.९८५२६६०१२७ मा सम्पर्क राख्न र सूचना, कार्यविधि तथा प्रस्ताव, निवेदनको नमूना फर्मेट विज्ञ केन्द्रको वेवसाइट http://vhlecpanchthar.p1.gov.np/ बाट डाउनलोड वा विज्ञ केन्द्र पाँचथरबाट वा सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाबाट प्राप्त गर्न सकिनेछ।
एउटै प्रकृतिका कार्यक्रमको लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा अन्य सरकारी निकायहरुबाट अनुदान प्राप्त गरेका व्यवसायी वा संस्थाले ३ बर्षसम्म अनुदान प्राप्त गर्ने छैन।

## प्रस्ताव पेश गर्नको लागि कार्यक्रमहरुको विवरण:

| क्र.सं. | कार्यक्रमको विवरण | इकाई | परिमाण | अधिकतम साझेदारी रकम (प्रति इकाई) | आवेदन दस्तुर रु. | कार्यविधि सँग सम्बन्धित बुँदा नं. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|---|
| **५.१.११.६२** | **मासु उत्पादनमा आत्मनिर्भरता तथा आयात प्रतिस्थापन कार्यक्रम** | | | | | | |
| ५.१.११.६२.३ | बाखाको बृहत्तर पकेट प्याकेज कार्यक्रम | पकेट/संख्या | १ | कूल लागतको ७५% वा बढीमा २५ लाख | २००।० | ८४ | कृषिपशुपालनमा आवद्ध सहकारी संस्था, बाखापालन व्यवसायिक संघ संस्था र कृषक समूह समितिहरु |
| **५.१.११.७८** | **युवालक्षित पशु विकास कार्यक्रम** | | | | | | |
| ५.१.११.७८.१ | **युवा लक्षित पशु विकास कार्यक्रम** गाई/भैसी/बाखा/कुखुरा/पशुजन्य उद्योग/पशुपन्छी बजार प्रबर्द्धन | संख्या | ९ | कूल लागतको ७५% वा बढीमा २ लाख | २००।० | ८१ | सहकारी संघ/संस्था, फर्म, कम्पनी, निजी उद्यमी/व्यवसायीहरु १८ बर्षदेखि ५० बर्षको हुनु पर्नेछ। |
| ५.१.११.८८ | वातावरण संरक्षण एवं पोषण सुधारको लागि करेसा पोखरी निर्माण | संख्या | ५ | कूल लागतको ७५% वा बढीमा २५ हजार | व्यक्तिगत १००।० संस्थागत रु.२००।० | ९३ | कृषक/ कृषक समूह/समितिहरु |
| ११.६.२.३१ | कृषि/पशु सहकारी संस्थाहरुको सहकार्यमा व्यवसायिक पशुपालन कार्यक्रम | पकेट/संख्या | १ | कूल लागतको ७५% वा बढीमा २५ लाख | २००।० | ८३ | कृषि/पशु सेवा सम्बन्धि सहकारी संघ/संस्था, कृषक समूह/समिति र गैर नाफामूलक संघ संस्था |
| ११.६.२.३२ | बंगुर विकास कार्यक्रम | पकेट/संख्या | १ | कूल लागतको ७५% वा बढीमा २० लाख | २००।० | ९२ | कृषि/पशुपालनमा आवद्ध सहकारी संस्था,समूह/समिति |
| ११.६.२.३४ | सहकारी संस्था मार्फत कृतिम गर्भाधान प्रवर्द्धन कार्यक्रम | पकेट/संख्या | २ | कूल लागतको ७५% वा बढीमा ५ लाख | २००।० | ९४ | सहकारी संस्थाहरु |

**प्रस्तावसाथ संलग्न हुनु पर्ने कागजातहरु :**
१.नेपाली नागरिकताको प्रतिलिपी
२.तोकिए बमोजिमको आवेदन (संक्षिप्त कार्ययोजना, लागत साझेदारी प्रतिवबद्धता, स्वघोषणा, व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता)
३.सञ्चालित व्यवसाय/कार्यक्रम सञ्चालन स्थलको रङ्गीन फोटोहरु।
४.स्थानीय तह, वडा कार्यालय र गाउँपालिका/नगरपालिका (पशुपन्छी सेवा शाखाको सिफारिस पत्र)

डा.इन्द्र नारायण साह
कार्यालय प्रमुख

५.शैक्षिक योग्यता, तालिम, एकल महिला भए प्रमाणित गर्ने कागजात, विदेशबाट फर्केको भए पासपोर्ट आदिको प्रतिलिपी
६.व्यवसाय दर्ता, नवीकरण, भ्याट, प्यान प्रमाणपत्र तथा अघिल्लो आ.व.को लेखापरीक्षणको प्रतिलिपी
७.जग्गा भाडामा भए १० बर्षको भाडाको संभौताको प्रमाणपत्र तथा धनिपुर्जाको प्रतिलिपी (एकाघरको परिवारको मन्जुरीनामा सहित मालपोत तिरेको रसिद र जग्गाधनिको नागरिकताको प्रतिलिपी)
८.समूह/समिति/सहकारी/साभेदार फर्मको हकमा कार्यसमिति, सञ्चालक समितिको बैठकको निर्णको प्रतिलिपी र कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपी
९.लागत साभेदारी गर्ने रकमको श्रोत/बैंक स्टेटमेन्ट/वित्तिय संस्थाको प्रतिबद्धता पत्र ।
१०.पशु बीमाको कागजात
११.युवालक्षित पशु विकास कार्यक्रमको लागि आवेदकको उमेर १८ बर्षदेखि ५० बर्ष हुनु पर्नेछ ।

**<u>प्रस्ताव बुझाउने स्थान :</u>**
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर

डा.इन्द्र नारायण शाह
कार्यालय प्रमुख